मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२६ औं वर्षमा Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १६४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ बैशाख २० गते सोमवार (Monday, May 3. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/– भारतमा भारु : ४/–

**सूचना**

– सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
– सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
– प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# संक्रमितको संख्यामा 'रेकर्ड ब्रेक', एकैदिन ७२११

**झापा, बैशाख १९।** देशभर गरिएको परीक्षणबाट हालसम्मकै उच्च सात हजारभन्दा बढी कोभिड-१९ सङ्क्रमित् फेला परेका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतवार गरेको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा. जागेश्वर गौतमले सात हजार २११ मा सङ्क्रमण पुष्टि भएको जानकारी दिए ।

उनका अनुसार १६ हजार १४७ पीसीआरमा सात हजार १३७ र ६२३ एन्टिजेन परीक्षणमा ७४ मा सङ्क्रमण देखिएको हो । यससँगै नेपालमा तीन लाख ३६ हजार ३० जना सङ्क्रमित भएका छन् । आज देखिएका सङ्क्रमितमध्ये सबभन्दा बढी ३० देखि ३९ वर्ष उमेर समूहका एक हजार ८०९ र २० देखि २९ वर्ष उमेर समूहका एक हजार ७६७ रहेका छन् । त्यस्तै ९ वर्ष उमेर समूहका बालबालिका १६६, १० देखि १९ वर्ष उमेर समूहका ४५७ रहेका छन् ।

सङ्क्रमित निको भई एक हजार ६१२ जना घर फर्किएका छन् । अहिलेसम्म दुई लाख ८३ हजार ९९४ जना निको भएर घर फर्किएका छन् । नेपालमा निको हुने दर ८४.५ प्रतिशत रहेको छ ।

सङ्क्रमणबाट आइतवार २७ जनाको निधन भएको छ । नेपालमा अहिलेसम्म तीन हजार ३२५ जना सङ्क्रमणबाट निधन भएका छन् । डा. गौतमका अनुसार काठमाडौं उपत्यकामा तीन हजार ५९५ सङ्क्रमित थपिएका छन् । काठमाडौंमा दुई हजार ७४४, ललितपुरमा ५५० र भक्तपुरमा ३०१ सङ्क्रमित भएका छन् । पाँच सयभन्दा बढी सङ्क्रमण भएका जिल्ला १२ पुगेका छन् । प्रवक्ताका अनुसार तिनमा मोरङ, पर्सा, काठमाडौं, ललितपुर, भक्तपुर, चितवन, कास्की, दाङ, बाँके, रुपन्देही, सुर्खेत र कैलाली छन् ।

**आइसियुमा ४७७ र भेन्टिलेरमा १३१**

सङ्क्रमितमध्ये ४७७ सघन उपचार कक्ष (आइसियु) र १३१ भेन्टिलेटरमा उपचार गराइरहेका छन् । प्रदेश नं १ मा ५४, प्रदेश नं. २मा २४, वाग्मती प्रदेशमा २५४, गण्डकी पाँच, लुम्बिनी ७७, कर्णाली ३३ र सूदुरपश्चिम ३० आइसीयुमा छन् ।

यस्तै प्रदेश नं. १मा १४, प्रदेश नं २ मा २, वाग्मती प्रदेशमा ७७, गण्डकी एक, लुम्बिनी २१, कर्णाली सात र सुदूरपश्चिममा नौ भेन्टिलेटर छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'थेग्नै नसक्नेगरी कोभिड सङ्क्रमण बढेकाले अस्पतालमा शय्या उपलब्ध गराउन नसकिने भइसकेको' बताएपछि अबको अवस्थामा के गर्ने भन्ने विषयबारे सर्वसाधारणहरू अन्योलमा देखिन्छन् ।

मन्त्रालयले आइतवार २४ घण्टाको अवधिमा देशभरि थप ७,२११ जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको जनाएको थियो । उक्त संख्या एकैदिन सार्वजनिक गरिएको अहिलेसम्मकै सर्वाधिक संख्या हो । एन्टिजेन र पीसीआर विधिबाट गरी कूल १६,७०० भन्दा केही बढी परीक्षण गर्दा त्यति संख्यामा सङ्क्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । दिनानुदिन तीव्र गतिमा सङ्क्रमण बढ्नाले कोभिड-१९का कारण अस्पताल नै जानुपर्नेगरी बिरामी परे के गर्ने भन्ने विषयबारे सर्वसाधारणहरूको कौतूहल बढाइदिएको छ ।

**कोभिडको लक्षण देखिए अहिलेको अवस्थामा के गर्ने ?**

परीक्षण गर्दा पोजेटिभ देखिए, नेगेटिभ भए पनि लक्षण देखिए वा गाह्रो महसुस भए ११३३ र १११५ नम्बरको हटलाइन सेवामा सम्पर्क गर्न सकिने स्वास्थ्य मन्त्रालयले जनाएको छ । त्यसबाहेक ९८५१२५५८३९, ९८५१२५५८३७ नम्बरका मोबाइल नम्बरबाट चौबीसै घण्टा चिकित्सकहरूले सल्लाह दिने गरेको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समिर अधिकारी बताउँछन् ।



दाङको तुलसीपुर उपमहानगरपालिका वडा नं. १८ बेलझुण्डीस्थित कोरोना विशेष अस्पतालमा उपचारार्थमा रहेका कोरोना सङ्क्रमितहरु । कोरोना सङ्क्रमित ४३ जनाको यस अस्पतालमा उपचार भइरहेको छ । तस्वीरः रासस

'आफूलाई लक्षण के छ, आफूलाई गाह्रो के भएको छ भनेर त्यहाँ सम्पर्क गर्न सक्छौं । त्यो गर्दा चिकित्सकले घरमै बस्दा गर्न सकिने उपाय भन्नुहुन्छ भने नजिकमा कुन स्वास्थ्य संस्थामा (शय्या) खाली छ भन्ने कुराको प्रबन्ध गरिदिनुहुन्छ- उनले भने । चिकित्सकहरूको सुझावबिना कुनै पनि औषधि प्रयोग गर्न नहुने अधिकारी बताउँछन् ।

मन्त्रालयले विभिन्न अस्पतालहरूमा विशेषज्ञ चिकित्सकहरूको नम्बर सार्वजनिक गरेर सेवा लिन पाउने प्रबन्धहरू गर्न अस्पतालहरूलाई निर्देशन दिइसकेको र धेरै अस्पतालहरूले तदनुसार प्रबन्ध गरेको दाबी गरे ।

**सबै लक्षण कोभिडका छन् तर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आयो भने के गर्ने ?**

आफूमा कोरोनाभाइरस सङ्क्रमणको लक्षण भए जस्तो शङ्का हुनासाथ क्वारेन्टिनमा बस्नुपर्ने सरकारले बताउँदै आएको छ । सङ्क्रमण सर्न सक्ने सम्भावित स्थानहरूमा यात्रा गरेर आएको अवस्थामा पनि १० दिन अलग्गै बसिदिन मन्त्रालयले आग्रह गरेको छ ।

कोरोनाभाइरसको लक्षण भए पनि नतिजा नेगेटिभ भने आउन सक्ने चिकित्सकहरू बताउँछन् । हामीसँग अहिले पनि १००मा १०० नै सङ्क्रमण पुष्टि गर्न सक्ने प्रविधि छैन । हामीसँग अहिले भएकामध्ये सबैभन्दा विश्वसनीय भनेर आरटी-पीसीआर लाई लिन्छौं । यसले पनि १०० मा १०० नतिजा दिने होइन । यसमा सङ्क्रमण भएका व्यक्तिमा पनि पुष्टि गर्न नसक्ने खालको केही संख्या हुन सक्छ- उनले भने । त्यस्तोमा हामीमा लक्षण विकास हुनसक्ने, हामीले अरूलाई सङ्क्रमण सार्न सक्ने हुन सक्छ- पीसीआर परीक्षणका लागि शङ्का भएकै कारण जो कोही जाने हुँदा त्यसपछि अरूसँग भेटघाट गर्न जान नहुने अधिकारीहरू बताउँछन् ।

सङ्क्रमणको आशङ्का लाग्नेबित्तिकै १० दिन अलग्गै बस्नुभन्दा बुद्धिमानी कुनै पनि हुँदैन । त्यो १० दिन भित्रमा लक्षण देखियो गाह्रो भयो भने उपचारको व्यवस्थापन गर्न सजिलो हुन्छ- उनले भने । दश दिनपछि अरूलाई सङ्क्रमण सर्ने सम्भावना हुँदैन। आफूलाई समस्या भए थप केही दिन एक्लै बस्नुपर्ने हुन्छ । यसो गर्नाले अस्पताल र परीक्षणमा चाप पनि घट्ने उनले बताए ।

**एम्बुलेन्स सेवा प्राप्त गर्नका लागि के गर्नुपर्छ ?**

एम्बुलेन्सका लागि पनि स्वास्थ्य मन्त्रालयले तोकेको नम्बरमा सम्पर्क गर्न सकिने र त्यहीँबाट व्यवस्थापन गरिने मन्त्रालयको भनाइ छ । त्यसबाहेक अहिले विभिन्न संस्थाहरूले पनि एम्बुलेन्सको व्यवस्था गरिरहेका छन् ।

नेपाल एम्बुलेन्स सेवाको हटलाइन नम्बर १०२ मा सम्पर्क गरेर पनि निःशुल्क एम्बुलेन्स सेवा प्राप्त गर्न सकिन्छ । उक्त संस्थाका महासचिव शारदाभक्त रञ्जितका अनुसार काठमाडौं र ललितपुरमा हाल छवटा एम्बुलेन्स कोभिड-१९ का बिरामीका लागि भनेर तोकिएको छ ।

आफूहरूले प्रत्येक दिन ४० देखि ५० जनालाई सेवा दिन गरेको रञ्जितले जानकारी दिए । हरेक एम्बुलेन्समा प्यारामेडिक हुन्छन् । अक्सिजन दिएर अस्पताल पुऱ्याइएका बिरामीहरूलाई शय्या अभावका कारण अस्पतालहरूले समयमै नलिँदा भने समस्या भइरहेको छ- उनले भने । नेपाल एम्बुलेन्स सर्भिसले रातदिन सेवा दिइरहेको बताइएको छ ।

**अक्सिजनको जोहो कसरी गर्ने ?**

घरमै होम आइसोलेशनमा बसिरहेको अवस्थाबारे जानकारी लिन र निगरानी गर्नका लागि हरेक स्थानीय तहमा स्वास्थ्यकर्मीहरूको प्रबन्ध गर्ने गरिएको मन्त्रालयको भनाइ छ । उहाँहरूको नम्बर हामीले जनप्रतिनिधिहरूसँग खोजेर राख्नुपर्ने हुन्छ- उनले भने । घरमा बस्दा अक्सिजनको तह अक्सिमिटरको प्रयोग गरेर थाहा पाउन सकिने चिकित्सकहरूको भनाइ छ ।

अक्सिजनको तह ९२ भन्दा तल पुगे उपलब्ध सम्पर्क

*(बाँकी अन्तिम पृष्ठमा)*

## बालक चोर्दाचोर्दै एक व्यक्ति पक्राउ, कारभित्र तीन बालक मृत फेला



**झापा, बैशाख १९।** भद्रपुरमा बच्चा चोर्दाचोर्दै एक अपरिचित व्यक्ति पक्राउ गरेका छन् ।

पक्राउ पर्ने व्यक्तिको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी राकेश थापाले जानकारी दिए ।

प्रहरीका अनुसार ती व्यक्तिले भद्रपुर नगरपालिका-८ घोडामारा निवासी कमला टुडूको २ वर्षीय छोरा सुमनलाई चोर्न खोजेका थिए । घर छेउको बाटो नजिकै बिहान ८ बजे पानीसँग खेलिरहेका बालक सुमनलाई ती व्यक्तिले बोरामा हाल्न खोज्दा स्थानीयले देखेका थिए । त्यसपछि बालकका अभिभावक र गाउँले मिलेर ती व्यक्तिलाई नियन्त्रण लिई तत्काल प्रहरीलाई खबर गरेका थिए ।

घटनास्थलमा पुगेका प्रहरी टोलीले ती व्यक्तिलाई पक्राउ गरी प्रहरी कार्यालय झापा लगेको बताइएको छ । 'बच्चा चोर्न खोजेका व्यक्ति अन्दाजी ५०देखि ५५ वर्ष उमेरको हुनुपर्छ'- डीएसपी थापाले भने- 'ती व्यक्तिको मानसिक सन्तुलन ठीक नभएको जस्तो देखिन्छ, बोलेको भाषा पनि बुझिँदैन, नेपाली बोल्न पनि जान्दैनन् ।'

उनी भारतीय हुन् वा नेपाली त्यो पनि खुल्न नसकेको उनको भनाइ छ । 'पीडित बालकका परिवारले अहिलेसम्म प्रहरीलाई लिखित जाहेरी नदिएकोले कारबाही प्रक्रिया अघि बढाएका छैनौं'- उनले भने- 'उजुरी परेपछि कारबाही प्रक्रिया अघि बढाउने छौं ।'

यसैबीच स्थानीयले ती व्यक्तिलाई कसैले पनि नदेखेको र ती व्यक्ति भारतबाट बच्चा चोर्न आएको हुनुपर्ने दाबी गर्दै हदैसम्म कारबाही गर्नुपर्ने माग राखेका छन् ।

उता दाङमा पार्किङ गरेर राखेको भारतीय कारमा फेला परेका तीन जना बालकको शवको पहिचान भएको छ ।

उनीहरु तीनै जना तुलसीपुर स्याउली बजारका बालक रहेको प्रहरीले जानकारी दिएको छ । इलाका प्रहरी कार्यालय तुलसीपुरका डीएसपी शिवबहादुर सिंहका अनुसार मृत फेला पर्नेमा भीमबहादुर परियारका १० वर्षीय छोरा सन्देश परियार, सन्तोष परियारका ७ वर्षीय छोरा सुवर्न परियार र किरण परियारका छोरा वर्ष ७कै करण परियार रहेका छन् । उनीहरु ४ दिन अघि घरबाट बेपत्ता भएका थिए । पार्किङ गरी राखेको भारतीय नम्बर प्लेटको आर जे ०१ सीसी ०८८५ नम्बरको कारमा उनीहरुको शव भेटिएको थियो ।

## मकैबारीमा महिलाको शव

**मोरङ, बैशाख १९।** मोरङको रतुवामाई-४ स्थित भद्र चोकमा एक महिलाको शव भेटिएको छ ।

पहिचान नखुलेको अन्दाजी ३०/३५ बर्षको देखिने महिलाको शव मकैबारीभित्र भेटिएको इलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ । अर्धनग्न अवस्थामा भेटिएको महिलाको शव बलात्कार गरी हत्या गरिएको आशंका गरिएको छ । अहिले घटनास्थललाई प्रहरीले नियन्त्रणमा लिइ अनुसन्धान थालेको छ ।

## राजीनामा लगत्तै पोखरेल पुन: मुख्यमन्त्रीमै नियुक्त



**काठमाडौं, बैशाख १९।** लुम्बिनी प्रदेशका मुख्यमन्त्रीमा शङ्कर पोखरेल पुनः नियुक्त भएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले), लुम्बिनी प्रदेश संसदीय दलका नेता पोखरेललाई नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम प्रदेश प्रमुख धर्मनाथ यादवले प्रदेश मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

यसअघि एमाले लुम्बिनी प्रदेश संसदीय दलका नेता पोखरेलले आफ्नो नेतृत्वमा नेपालको संविधानको धारा १६८ को उपधारा (१) बमोजिम सरकार गठन गर्न प्रदेशसभामा बहुमत सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुख यादवसमक्ष दावी पेश गरेको प्रदेश प्रमुख कार्यालयका प्रवक्ता चिरञ्जीवी पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ ।

सरकार गठन गर्न पोखरेलले प्रदेशसभाका बहुमत सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुखसमक्ष आफ्नो दाबी प्रस्तुत गरेका थिए । यसअघि प्रदेश प्रमुखले पोखरेलले दिएको राजीनामा स्वीकृत गरेर उनलाई संविधानबमोजिम अर्को व्यवस्था नभएसम्मका लागि अहिलेकै मन्त्रिपरिषद्लाई कार्यभार सञ्चालन गर्न तोकेका थिए । पोखरेलविरुद्ध प्रदेशसभामा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र जनता समाजवादी पार्टीले अविश्वासको प्रस्ताव प्रस्तुत गरेका थिए । लुम्बिनी प्रदेशसभामा अहिले कायम रहेका सदस्यहरूको कुल संख्या ८१ छ ।

तीमध्ये नेकपा एमालेसँग ४१ जना भएको मानिएको भए पनि दाङबाट निर्वाचित विमलाकुमारी खत्री (ओली) ले आफू नेकपाबाट निर्वाचित भएको भन्दै माओवादी केन्द्र रोजेको घोषणा गरेकी छन् । माओवादी केन्द्रले पोखरेलको नियुक्तिलाई असंवैधानक भन्दै विरोध गरेको छ । हामीसँग बहुमत हुँदाहुँदै अल्पमतलाई मुख्यमन्त्री नियुक्ति गर्नु भनेको असंवैधानिक काम हो, त्यसको हामी विरोध गर्छौं । अब के गर्ने भन्ने रणनीति बनाउँदै छौं- माओवादी केन्द्रका एक सांसद तथा पूर्वमन्त्री सुदर्शन बरालले भने ।

**विशेष अधिवेशन 'अन्त्य'**

पोखरेलबिरुद्ध परेको अविश्वासको प्रस्तावमा छलफल गर्न भन्दै आइतवारका लागि प्रदेशसभाको विशेष अधिवेशन बोलाइएको थियो । तर, मुख्यमन्त्री पोखरेलले राजीनामा दिएकाले उक्त अधिवेशनको औचित्य समाप्त भएको भन्दै मन्त्रिपरिषद्ले उक्त अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको थियो ।

उक्त सिफारिसका अधारमा प्रदेश प्रमुखले अधिवेशन अन्त्य गरेको प्रदेश प्रमुखको कार्यालयले सूचनामार्फत् जानकारी गराएको छ । 'माननीय प्रदेश प्रमुख धर्मनाथ यादवसमक्ष लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री शङ्कर पोखरेलले नेपालको संविधानको धारा १६९(१)(क) अनुसार मुख्यमन्त्री पदबाट दिनुभएको राजीनामा आज मिति २०७८ साल वैशाख १९ गतेका दिन माननीय प्रदेश प्रमुखज्यूले स्वीकृत गर्नुभएको छ- प्रवक्ता चिरञ्जीवी पौडेलद्वारा जारी वक्तव्यमा उल्लेख थियो ।

**किन दिएका थिए राजीनामा ?**

प्रदेशमा नयाँ सरकार गठन गर्न सजिलो होस् भन्ने उद्देश्यले पोखरेलले राजीनामा दिएको उनका प्रेस सल्लाहकार शेरबहादुर केसीले बीबीसीलाई बताएका थिए । केसीका अनुसार मुख्यमन्त्री पोखरेलले

*(बाँकी अन्तिम पृष्ठमा)*

# घटना ४५, पीडित पत्रकार ५८४ जना

**विपुल पोखरेल**

**सन्दर्भ : विश्व प्रेस स्वतन्त्रता दिवस**

**झापा, बैशाख १९।** प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूका लागि आज सोमवार महत्वपूर्ण दिन हो । आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदैछ ।

सन् १९९३मा नामिवियाको विण्डहकमा एउटा सम्मेलन भएको थियो, जसमा वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरू र स्वतन्त्रताका पक्षपातीहरूको सहभागिता रहेको थियो । त्यो सम्मेलनले एउटा महत्वपूर्ण घोषणपत्र जारी गऱ्यो । घोषणापत्रमा प्रेस तथा अभिव्यक्ति स्वन्त्रताको पक्षमा बलियो प्रतिवद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो ।

त्यही घोषणापत्र जारी भएको दिन अर्थात् मे ३ लाई युनेस्कोको आव्हानमा विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउन थालिएको हो । विण्डहक घोषणापत्रलाई संयुक्त राष्ट्रसंघको सभाले पारित गरेपछि युनेस्कोले त्यस्तो आव्हान गरेको हो । प्रत्येक वर्ष फरक-फरक नाराका साथ यो दिवस मनाउने क्रममा योपटक 'सार्वजनिक सम्पत्तिका रूपमा सूचना' भन्ने नारा तय गरिएको छ ।

यो दिनमा प्रेस स्वतन्त्रताका पक्षमा लडाइँ लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तरक्रियाहरू गर्ने गरिन्छ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हनन्का घटनाको सार्वजनिकीकरण र स्वतन्त्रताको प्रतिरक्षा

*(बाँकी अन्तिम पृष्ठमा)*

**सटर तथा फ्ल्याट भाडामा**

बिर्तामोडस्थित कलकत्ता मिष्ठान्न भण्डारसंग पूर्व जोडिएको सहकारी, बैंक तथा व्यवसायिक प्रयोजनको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।

सम्पर्कः ९८१८२६५२८१

(पानीटंकीको रेटमा बिर्तामोडमै मोबाइल सेट)

**मोबाइल ! मोबाइल !! मोबाइल !!!**

हामी कहाँ सम्पूर्ण ब्राण्डका मोबाइल सेट SAMSUNG oppo, vivo, Redmi, MI, Lava, Nokia, One plus, Real me इत्यादि साथै मोबाइल कभर, ब्याट्री, टेम्पर ग्लास, चार्जर, एयरफोन, डाटाकेवल लगायत मोबाइलका सम्पूर्ण एसेसरीजहरु खुद्रा तथा होलसेलमा पाइन्छ ।

**मेची मोबाइल एण्ड एसेसरीज**, पुरानो भद्रपुररोड, बिर्तामोड

सम्पर्क फोनः- ०२३-५४२४३१, ९८०४९३५३५१

**पूर्वाञ्चल दैनिकको कार्यालयको फोन नम्बर परिवर्तन**

पहिले ०२३-५४१००२/ ५४००४४

अहिले ०२३-५३१००२/ ५३००४४

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

दैनिक ओपीडी, क्षारसूत्र, पायल्स, फिसर, फिस्टुला, हाडजोर्नी, प्यारालाइसिस, नशा, माइग्रेन तथा अन्य जुनसुकै रोगको उपचारको लागि **सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

## ‘कोरोना रोकथाममा सरकार गैरजिम्मेवार’

**झापा, बैशाख १९।** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) झापाले विश्व महामारीका रुपमा फैलिरहेको कोरोना भाइरस नियन्त्रण कार्यमा देखिएको सरकारको गैर जिम्मेवारीपन र उदासिनताको घोर भर्त्सना गरेको छ।

पार्टीले उक्त कार्य प्रभावकारी बनाउनका लागि सचेतना अबिबृद्धि गर्ने, स्वास्थ्य सामग्रीको बेलैमा पर्याप्त व्यवस्थापन गर्ने, संक्रमितहरुको स्वास्थ्य उपचार शुलभ ढङ्गले प्रदान गर्ने, महामारीको संङ्कटपूर्ण घडीमा खाद्यान्न सामग्री लगायत दैनिक उपभोग्य सामग्रीहरुको कृत्रिम अभाव सिर्जना गरी कालोबजारी गर्ने व्यवसायीहरुलाई प्रभावकारी अनुगमन गरी कारवाहीको दायारामा ल्याउन नेपाल सरकारका तीनै तहका सरकारलाई ध्यानाकर्षण समेत गरेको छ।

साथै झापावासीसहित पार्टीका सम्पूर्ण नेता तथा कार्यकर्ताहरुलाई स्वास्थ्यका मापदण्ड कडाइका साथ पालना गर्दै कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यका सक्रियता पूर्वक खट्न तथा भ्रष्टाचार, कालाबजारी र बिकृतिको बिरुद्धमा एकजुट हुन पार्टीका जिल्ला सचिव मणिकुमार साम्पाङ विजयले विज्ञप्ति जारी गरी अनुरोध गरेका छन्।

## दुर्घटनामा एक जनाको मृत्यु, दुई जना घाइते

**मोरङ, बैशाख १९।** मोरङ रतुवामाई नगरपालिका-९ स्थित आमबारी-उर्लाबारी सडकखण्डमा २ वटा मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने २ जना घाइते भएका छन्।

उत्तरतर्फ जाँदै गरेको प्र.१-०२-०४१ प. २६६४ नम्बरको मोटरसाइकल र बिपरीत दिशाबाट आउँदै गरेको प्र.१-०२-०४४ प.२६०९ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाई दुर्घटना भएको थियो।

सो दुर्घटनामा गम्भीर घाइते भएका २६६४ नम्बरको मोटरसाइकल चालक रतुवामाई नगरपालिका-७ गडीझार का २७ बर्षीय ललित कट्वालको अरनिको अस्पताल उर्लाबारीमा उपचारको क्रममा मृत्यु भएको हो।

अर्को २६०९ नम्बरको मोटरसाइकल चालक रंगेली नगरपालिका- ५का २१ बर्षीय मनजय ठाकुर र सोही मोटरसाइकलमा पछाडि सवार बेलबारी नगरपालिका-३का ३० बर्षीय नवीन ठाकुर घाइते भई सोही अस्पतालमा नै उपचार भइरहेको इलाका प्रहरी कार्यालय सिजुवाले जनाएको छ। दुर्घटनामा संलग्न दुबै मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ।

## बन्दुकसहित पक्राउ

**सोलुखुम्बू, बैशाख १९।** सोलुखुम्बूको सोताङ गाउँपालिका-१ बाट ३ थान भरुवा बन्दुकसहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पावै सामुदायिक जंगलबाट ३ थान भरुवा बन्दुकसहित स्थानीय ३४ बर्षीय दिल बहादुर भनिने गंगा बहादुर गिरी पक्राउ परेका हुन्। जंगलमा शिकार खेल्न गएको भन्ने सूचना प्राप्त भएसँगै प्रहरी चौकी वाकूबाट खटिएको प्रहरी टोलीले ३ थान भरुवा बन्दुक, बन्दुकमा प्रयोग हुने बारुद अन्दाजी ८०० ग्राम, फलामको टुक्रा १ केजी, टर्च लाइटमा प्रयोग हुने व्याट्री ७ थान, लाईटर १ थान, केप १ थान, मोबाइल २ थान र १० मिटर तारसहित उनलाई पक्राउ गरेको हो।

उक्त घटनामा अन्य ४ जनाको समेत संग्लग्नता रहेको बुझिन आएको तथा खोजतलास कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूले जनाएको छ। घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### खुद्रा बिक्रेता भन्छन्–

# होलसेल बिक्रेताले मूल्य बढाए

**मेचीनगर, बैशाख १९।** कोभिड-१९ संक्रमणको समयमा बजारमा खाद्यसहित अत्यावश्यक वस्तुको कृत्रिम अभाव हुन नदिन र निषेधाज्ञाका समयमा बजारमा हुने कालोबजारी र खाद्य सामग्रीको मूल्य बृद्धि नियन्त्रण गर्न आइतबार मेचीनगरमा बजार अनुगमन गरिएको छ।

नगरस्तरीय अनुगमन टोलीका संयोजक एवम् मेचीनगर नगरपालिकाका उपप्रमुख मीना पोखरेल उप्रेतीको नेतृत्वमा खाद्य अधिकृत, उद्योगी व्यवसायीहरुको छाता संगठन मेची उद्योग बाणिज्य संघका पदाधिकारी, उपभोक्ता हित संरक्षण समितिका पदाधिकारी सुरक्षाकर्मी सञ्चारकर्मीसहितको टोलीले नगरको ९ र १० नम्बर वडाका दर्जनबढी खाद्य पसलको छड्के अनुगमन गरेको थियो। टोलीले मुख्यः व्यापारिक केन्द्र धुलावारी बजारका खाद्य, फलफूल बिस्कुटलगायतका पसलको अनुगमन गरेको टोलीमा संलग्न नगरपालिका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए।

जिल्ला प्रशासन कार्यालय झापाले कोरोना भाइरस संक्रमण रोक्न र फैलिन नदिन आइतबार मध्यरातदेखि निषेधाज्ञा घोषणा गरेको छ। त्यस बखत हुनसक्ने कालाबजारी, खाद्यसहित अत्यावश्यक वस्तुको कृत्रिम अभाव र मूल्यबृद्धि नियन्त्रण गर्न बजार अनुगमनलाई तीव्रता दिइएको नगरस्तरीय अनुगमन टोलीका संयोजक एवम् मेचीनगर नगरपालिकाका उपप्रमुख उप्रेतीले बताइन्।

टोलीले अनुगमनका क्रममा वील-विजक चुस्तदुरुस्त नराखेको, मूल्यसूची नराखेको, राखेको भए पनि त्यसलाई दैनिक रुपमा व्यवस्थापन नगरेको, पसलमा उपभोग्य मिति सकिएका खाद्यवस्तु फेला पारेको थियो। मेगा फ्रुट्सको म्याङ्गो फ्रुट्स जुस, भवानी मसला एण्ड फुड उद्योगले उत्पादन गरेको दुर्गा मसलासहित विकेएम मसला उद्योग विराटनगरले उत्पादन गरेको विकेएम मिट मसला र विकास फुड उद्योगको पापट उपभोग्य मिति समाप्त भएको फेला परेको र ती वस्तु नष्ट गर्न सम्बन्धित व्यवसायीलाई भनेको छ।

टोलीले खुद्रा व्यवसायीहरुलाई होलसेल व्यवसायीले जारी गरेको वील-विजक सुरक्षित राख्न र नगरपालिकाले आवश्यक परेका बखत माग गरेका बेला उपलब्ध गराउन भनेको छ। यस्तो संकटका बखत दैनिक उपभोग्यवस्तुको कृत्रिम अभाव र कालोबजारी गर्नेलाई स्थानीय सरकारले कारवाही गर्ने उपप्रमुख उप्रेतीले चेतावनी दिइन्। टोलीले जानकी किराना पसल, नुपूर भेराइटिज, सुहाना भेराइटिज, पाथीभरा स्टोर्स, मास भेराइटिज स्टोर्स, घिमिरे किराना पसललगायतको अनुगमन गरेको थियो।

मुख्यः व्यापारिक केन्द्रविन्दु धुलावारी बजारमा चामल, दाल, चना, मटर, तेललगायतका खाद्य वस्तुमा मूल्यबृद्धि भएको अनुगमन टोलीले जनाएको छ। त्यस्ता वस्तुको मूल्यमा बृद्धि भए पनि धेरै खाद्य सामग्री अहिले बजारमा पाउन छाडिएको व्यवसायीहरुको भनाइ छ।

व्यवसायीहरुले आफूहरुले महंगो मूल्यमा खरिद गरेका कारण विक्री गर्दा त्यस्ता वस्तुको मूल्यमा बृद्धि गर्नुपरेको अनुगमन टोली समक्ष प्रतिक्रिया दिएका थिए। उनीहरुका अनुसार दालमा प्रतिकेजी ७देखि १०, चनामा प्रतिकेजी १०, चामलमा १० देखि १२ रुपैयाँ तथा सनफ्लावर तेल प्रति कार्टुन १ सय देखि एक सय ५० रुपैयाँ, चिनीमा प्रति केजी १० रुपैयाँका दरले मूल्य बृद्धि भएको छ। मेचीनगर नगरपालिकाले होलसेल विक्रेताहरुसँग एक्कासी मूल्यबृद्धिको कारण खोज्ने र आफ्नो मन खुशी मूल्यबृद्धि गर्ने होलसेल व्यवसायीलाई कारवाही गर्ने चेतावनी दिइएको छ।

होलसेल विक्रेताले सवै वस्तुमा मुल्य बढाएका कारण खुद्रा विक्रेताले समेत बाध्य भएर मूल्य बढाउनु परेको व्यवसायीको भनाइ छ। ढुवानी तथा लोडअनलोड गर्ने मजदुरको अभाव देखाउँदै होलसेल विक्रेताले सवै वस्तुमा मूल्य बढाएको खुद्रा विक्रेताको भनाइ छ।

अनुगमन टोलीमा मेचीनगर नगरपालिकाका खाद्य अधिकृत दीपेन्द्र कार्की, मेची उद्योग बाणिज्य संघका अध्यक्ष ऋषिराज तिम्सिना, कार्यकारी निर्देशक गोपाल बस्नेत, इलाका प्रहरी कार्यालय धुलावारीका प्रहरी नायव निरीक्षक नरबहादुर तुम्वाहाम्फे उपभोक्ता मञ्च नेपाल झापा प्रतिनिधि सन्तोष न्यौपाने लगायतको सहभागिता रहेको थियो।

## बढी मूल्यमा मास्क बिक्री गर्नेलाई कारबाही

**झापा, बैशाख १९।** बढी मूल्यमा मास्क बिक्री गर्ने सप्लायर्सलाई कारबाही गरिएको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बढी मूल्य लिएर मास्क बिक्री गर्ने त्रिपुरेश्वरस्थित अल फाइनल सर्जिकल सप्लायर्सलाई कारबाही गरेको हो।

बजार अनुगमनका क्रममा खरिद गरेको मूल्यको तुलनामा दोब्बर मूल्यमा मास्क बिक्री गरेको पाइएपछि उक्त सप्लायर्सलाई कारबाहीस्वरुप रु. दुई लाख जरिवाना गरिएको विभागका प्रवक्ता शिवराज सेढाईंले जानकारी दिए।

उनका अनुसार अनुगमनका क्रममा उक्त सप्लायर्सले प्रतिगोटा रु. ४.४६ पैसामा खरीद गरेको मास्कलाई रु. ८.३८ पैसामा बिक्री गरेको पाइएको थियो।

उक्त सप्लायर्सलाई उपभोक्ता संरक्षण ऐन, २०७५ दफा १६ (२) को ‘क’ बमोजिम अनुचित व्यापारिक क्रियाकलाप गरी दफा ३८ बमोजिम कसुर गरेको पाइएपछि दफा ३९ (१) को ‘ख’ बमोजिम जरिवाना गरिएको हो। पछिल्लो समय विभागले काठमाडौं उपत्यकाका तीन जिल्लामा जारी निषेधाज्ञाको समयमा बजारमा अनुचित व्यापारिक कारोबार हुने भन्दै बजार अनुगमनलाई तीव्रता दिएको छ।

गत बिहीबार विभागले भक्तपुरस्थित मास्क उत्पादन गर्ने हिमालयन हेल्थ केयर कम्पनीलाई रु. ५० हजार जरिवाना गरेको थियो। उक्त कम्पनीले उपभोक्ता मूल्य नतोकी बजारमा मास्क बिक्री गरेको गुनासोका आधारमा उद्योगमा स्थलगत रुपमा अनुगमन गरी विभागले कारबाही गरेको थियो।

### बंगाल बिधानसभा निर्वाचन

# शुभेन्दुको किल्लामा ममताको जित

**पार्थ मण्डल**

**झापा, बैशाख १९।** तृणमुल कांग्रेस (टिएमसी) की नेतृ ममता बनर्जी पश्चिम बंगलामा ह्याट्रिक (तेस्रोपटक) मुख्यमन्त्री बन्ने पक्का भएको छ।

नन्दीग्रामको शुभेन्दु अधिकारीको एकछत्र राजनीतिक किल्लालाई ध्वस्त पार्दै तृणमुल कांग्रेसकी बनर्जीले त्यहाँबाट पहिलोपटक चुनाव जितेकी छिन्। बनर्जीले अधिकारीलाई १२ सय मतान्तरले पराजित गर्दै चुनाव जितेकी हुन्। उनले चुनाव जितेसँगै बंगालको मुख्यमन्त्री बन्ने पक्का भएको छ।

मतगणना शुरु भएदेखि नै अधिकारी अगाडि थिए, बनर्जी पछि नै थिइन्। अन्ततः अधिकारीलाई मात दिँदै बनर्जी अघि बढिन् र चुनाव जितिन्। नन्दीग्रामबाट चुनाव जितेर बनर्जीले सबैलाई चकित पारिदिएकी छिन्।

यातायात मन्त्रीबाट राजीनामा दिएका अधिकारीले तृणमुल कांग्रेस परित्याग गरी नरेन्द्र मोदीको भारतीय जनता पार्टी (भाजपा) बाट चुनाव लडेका थिए। २०१६मा अधिकारीले बनर्जीको दाहिने हात भएर तृणमुल कांग्रेसबाट



विधानसभा सिटका लागि नन्दीग्रामबाट निर्वाचित भएका थिए। तर, यस पटक त्यहाँका जनताले अधिकारीको साथ छोडेको चुनावी नतिजाले प्रमाणित गरिदिएको छ।

अधिकारीले चुनाव प्रचारप्रसारको क्रममा भनेका थिए- ५० हजार भोटले ममता दिदी हराउने, नहराए राजनीतिबाट सन्यास लिने छु। चुनाव हारेका उनले अब सन्यास लिने कि नलिने भन्ने व्यापक चर्चा चुलिएको छ। सन् २०११ र २०१६मा बनर्जी कोलकताको भवानीपुरबाट विधानसभाको चुवान लडेकी थिइन्। र, त्यहाँबाट जितेर बङ्गालमा आफ्नै नेतृत्वमा बहुमतको सरकार बनाएकी थिइन्।

अधिकारीले पार्टी छाडेर भाजपाबाट नन्दीग्रामबाट चुनाव लड्ने घोषणा गरेपछि अधिकारीलाई रोक्न बनर्जी भवानीपुर छाडेर नन्दीग्राममा आएर चुनाव लड्ने घोषणा गरिन् र जितिन् पनि। यो समाचार तयार पार्दासम्म बंगालमा भइरहेको मतगणनाको परिणाम अनुसार २९४ सिटमध्ये २०७ सिटमा तृणमुल कांग्रेस अगाडि छ। भाजपा ७७ सिट र अन्य दुई सिटमा अघि रहेको भारतीय सञ्चारमाध्यमले जनाएको छ।

**बंगालमा ममताको दबदबा कायमै**

बङ्गालमा ३४ वर्षसम्मको मार्क्सवादी कम्युनिस्ट पार्टी (सीपीएम) को एकछत्र शासन ब्रेक लगाउँदै बङ्गालमा तृणमूल कांग्रेसको उदय भयो। कांग्रेसबाट राजनीतिक यात्रा शुरु गरेकी बनर्जीले १९९८मा तृणमूल कांग्रेस (टिएमसी) को नेतृत्व सम्हालिन्। सन् २००६/०७मा तत्कालीन पश्चिम बङ्गालका मुख्यमन्त्री बुद्धदेव भट्टाचार्यले नन्दीग्राममा १० हजार बिगाहा जमिन इण्डोनेसियाको सलिम समूहलाई रासायनिक हब बनाउन दिने घोषणा गरे। यस निर्णयको त्यहाँका जनताले कडा बिरोध गरे। स्थानीय बासिन्दा आफ्नो निजी जमिन त्याग्न तयार थिएनन्। तर, मुख्यमन्त्री भट्टाचार्य त्यस निर्णयबाट पछि हटेनन्, अन्ततः बल प्रयोग गरेर जमिन अधिग्रहण गर्न आदेश दिए। त्यसपछि शुभेन्दु अधिकारीले स्थानीय जनतासँग मिलेर आन्दोलन शुरु गरे। २००७ मार्च १४देखि त्यहाँ सुरक्षाकर्मी र स्थानीयबीचमा हिंसात्मक झडप शुरु भयो। हिंसात्मक झडपको क्रममा १४ जनाले ज्यान गुमाए। त्यही बेला ममता बनर्जीले शुभेन्दु अधिकारीसँग मिलेर नन्दीग्रामको मुद्दा समातिन्। त्यही मुद्दा बनर्जीको लागि बंगलाको राजनीतिमा टर्निङ्ग पोइन्ट साबित भयो।

लामो राजनीतिक संघर्षपछि वामपन्थीलाई सत्ताबाट बहिर्गमन गराएकी तृणमुलका नेतृ बनर्जी सन् २००९ मे २२देखि २०११ मे १९ सम्म देशको रेल मन्त्री भइन्। बनर्जीको तृणमूल कांग्रेसले २०११को विधानसभा निर्वाचनमा १८४ सिट जित्दै बहुमत ल्यायो। २९४ सिटमा १८४ सिट जितेका बनर्जी २०११मे २० मा बङ्गालको ११औं महिला मुख्यमन्त्री बनिन्।

सन् २०१६ को विधानसभा निर्वाचनमा बनर्जीको तृणमूल कांग्रेसले २९४ सिटमध्ये २११ सिटमा जित निकाले। यो मत परिणाम सन् २०११ मा पाएको भन्दा १७ सिटले बढी थियो। त्यस बेलाको चुनावमा कांग्रेस ४४, सिपीएमले २६ र भाजपाले ४ सिट मात्र जितेका थिए।

## डुबेर बेपत्ता

**भोजपुर, बैशाख १९।** भोजपुरको षडानन्द नगरपालिका-७का २९ बर्षीय रुद्रबहादुर न्यौपाने अरुण नदीमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका छन्।

षडानन्द नगरपालिका-६ अरुण नदीको लम्सुवाघाटमा पौडी खेल्ने क्रममा अचानक डुबेर बेपत्ता भएको भन्ने खबर प्राप्त भएसँगै प्रहरी टोली खटी गई स्थानीयवासी समेतको सहयोगमा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ।

## लागूऔषध बोक्दा...

**बिराटनगर, बैशाख १९।** धनकुटा र उदयपुरका दुई छुट्टाछुट्टै स्थानबाट नियन्त्रित लागूऔषध सहित २ जना पक्राउ परेका छन्।

धनकुटा नगरपालिका-७बाट धरान उपमहानगरपालिका-१९का २३ बर्षीय भीमराज लिम्बू लागूऔषधसहित पक्राउ परेका हुन्।

यसैगरी उदयपुरको त्रियुगा नगरपालिका-६ चुहाडेबाट त्रियुगा नगरपालिका-१२का २१ बर्षीय पप्पु मल्लिक डुम लागूऔषध डाईजेपाम ६० एम्पुल, न्युफिन ६० एम्पुल, फेनारगन -६० एम्पुल र सिरिन्ज -१ थानसहित ६ बजे पक्राउ परेका हुन्।

### घटना ...

एवम् पत्रकारिता पेशा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ। यस अवसरमा म नेपाल र विश्वमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको निम्ति योगदान पुऱ्याउने महानुभावहरूप्रति उच्च सम्मान व्यक्त गर्दै सम्पूर्ण पत्रकार एवम् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता पक्षधरहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

नेपालमा पनि पत्रकार महासंघको आयोजनामा युनेस्कोसँगको सहकार्यमा मे ३ अर्थात बैशाख २० गते भर्चुअल रूपमा अन्तरक्रिया गरिँदैछ। कोरोना संक्रमणका कारण सामुहिक रूपमा भौतिक सहभागिता जनाएर कार्यक्रम गर्न सम्भव नदेखिएकोले कार्यक्रमको स्वरूप परिवर्तन गरेर भर्चुअलरूपमा अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने निर्णयमा आयोजकहरू पुगेका छौं।

त्यही स्वरूपको अन्तरक्रियाकै क्रममा नेपालको यो वर्षको प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाको अवस्था समेटिएको प्रतिवेदन पनि सार्वजनिक हुँदैछ। यसैगरी आजै नेपालका विभिन्न तहमा बन्न थालेका ९ वटा कानूनको मस्यौदामाथिको विश्लेषणात्मक टिप्पणी समेत सार्वजनिक गरिँदैछ। यी दुई सामग्रीले नेपालमा प्रेस स्वतन्त्रताको पछिल्लो अवस्थालाई स्पष्ट देखाउने विश्वास गर्न सकिन्छ।

पत्रकारहरू यतिबेला स्वास्थ्य चुनौतिसँग जुधिरहेका छन्। कोरोनाको संक्रमणका बीचमा पत्रकारिता कर्मलाई निरन्तरता दिनुपर्ने अबस्था एकातिर छ भने यही कोरोनालाई कारण देखाएर सञ्चारगृहबाट पत्रकारलाई विस्थापित गराउने खतरा पनि उस्तै छ। नेपाल पत्रकार महासंघ सञ्चार अनुगमन इकाईको तथ्यांक हेर्ने हो भने यस वर्ष पत्रकारहरुको पेशागत सुरक्षाका घटनाहरु सबैभन्दा बढी देखिए। कोरोना महामारीको समयमा पेशागत सुरक्षाको सन्दर्भबाट पीडित पत्रकारहरुको संख्या ५ सय १७ रहेको छ। यो अवस्थालाई दृष्टिगत गर्दै महासंघले सञ्चार संस्थाहरूलाई कोरानाको बहानामा सञ्चारकर्मीलाई निष्काशन नगर्न, सेवासुविधामा कटौती नगर्न र सञ्चारकर्मीको स्वास्थ्यमा विशेष ध्यान दिन आग्रह गरेको छ।

पत्रकार महासंघको अभिलेखमा प्रेस स्वतन्त्रतामाथिको प्रहारका घटनाहरू यो वर्ष ४५ छन्। ती घटनाबाट जम्मा ५ सय ८४ पत्रकार र ३ वटा सञ्चारसंस्था पीडित बनेका छन्। ५ सय ८४ पत्रकारमध्ये ७७ पत्रकारहरू महिला रहेका छन्। पत्रकार महासंघको अभिलेखअनुसार यो वर्ष ६ जना पत्रकार गिरफ्तारीमा परे भने कब्जा, अवरोधबाट ४ जना पत्रकार पीडित भएका छन्। त्यसैगरी आक्रमणबाट ४८ र दुर्व्यवहार, धम्कीबाट १२ जना पत्रकार पीडित भएका छन् भने ५ सय १७ जना पत्रकारहरू बिस्थापनमा परेका छन्। उल्लेखित तथ्यांकका आधारमा नेपाली प्रेस अझै पनि पेशागत र भौतिक सुरक्षाका सवालमा सन्तोष गर्न नसकिने अवस्थामा छैन भन्न सकिन्छ। मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा संघीयताको अभ्यास गर्दैछ। यो अभ्यास गर्ने क्रममा आवश्यक कानूनहरू निर्माणको चरण अझै जारी छ। यसरी तीन तहहरूमा बन्दै गरेका प्रेससँग सम्बन्धित कानूनका मस्यौदाहरूले संविधानको मूल मर्मसँग मेल खाइरहेका छैनन्। पत्रकार महासंघले गरेको अध्ययन र विश्लेषणका आधारमा भन्नुपर्दा प्रेससँग सम्बन्धित कानून निर्माणको प्रक्रिया र त्यहाँ राखिएका प्रावधानहरूप्रति प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले सहमति जनाउन सकिने ठाउँ छैन। कानून निर्माणको प्रक्रियामा सरोकारवालाहरूसँगको परामर्शलाई कुनै आवश्यकता ठानिएको छैन। जसका लागि कानून बनाइँदैछ, उनीहरूलाई नै बेवास्ता गरी कानूनको मस्यौदा निर्माण गर्ने कार्यसँग सहमत हुन सकिँदैन। त्यसैगरी ती मस्यौदाका कतिपय प्रावधानहरूप्रति पनि पत्रकार महासंघको गम्भीर आपत्ति रहेको छ।

पत्रकारहरूलाई जेल हाल्न सकिने, ठूलो मात्रामा जरिवाना तोक्न सकिने, न्यायालयभन्दा बाहिर नै पत्रकारलाई दण्डित गर्न सकिने, सञ्चारमाध्यम खारेज गर्न सकिने जस्ता लोकतान्त्रिक समाजमा नसुहाउने प्रावधानहरू त्यहाँ राखिएका छन्। यस्ता प्रावधानसहितको कानून आएमा त्यो अस्वीकार्य हुने चेतावनी पत्रकार महासंघले दिँदै आएको छ।

विश्व प्रेस स्वतन्त्रता दिवसको सन्दर्भमा हुने अन्तरक्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुनेछ र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाहरूका साथै सरोकारवालाहरूको ध्यानाकर्षण गराउने छन् भन्ने मैले विश्वास लिएको छु।

प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा हैन, नागरिकहरूको सूसुचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ। त्यतिमात्र हैन प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अंग पनि हो। नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भएता पनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन। त्यसकारण प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ उचाईमा पुऱ्याउन पत्रकार महासंघ तथा प्रेस स्वतन्त्रताका पक्षधरहरू एक ठाउँमा उभिन जरुरी छ।

प्रेस स्वतन्त्रताको आन्दोलनलाई उचाईमा पुऱ्याउनका लागि प्रेस आफै उत्तरदायी र मर्यादित हुन जरूरी छ। पत्रकार आचारसंहिता र पत्रकारिताका स्थापित मान्यताहरूलाई अनुशरण गर्दै आफूप्रतिको सामाजिक विश्वास अभिबृद्धि गर्ने दिशामा पनि पत्रकारहरूले आफूलाई प्रतिवद्ध बनाउनु पर्ने हुन्छ। त्यसैगरी राज्यले पनि पत्रकारिता क्षेत्रलाई स्वनियमनतर्फ प्रोत्साहित गर्दै लोकतान्त्रिक मूल्यभित्र रहेर पत्रकारिताको प्रवर्द्धनका लागि थुप्रै कामहरू गर्न बाँकी नै छ। यो दिशामा सबैको ध्यान जान जरुरी पनि छ।

अन्त्यमा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिकतापूर्वक उभिई पत्रकारिताको माध्यमबाट राष्ट्र र समाजको हितमा काम गर्न हामी सबैलाई प्रेरणा मिलोस् भन्दै विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

*(विश्व स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष पोखरेलद्वारा जारी शुभकामना सन्देश)*

### राजीनामा ...

संविधानको धारा १६८को उपधारा (१) अनुसार नयाँ सरकार बनाउने बाटो खोल्नका लागि राजीनामा दिएका थिए।

उक्त उपधारामा प्रदेशसभामा बहुमतप्राप्त दलको नेता मुख्यमन्त्री बन्ने व्यवस्था छ। पहिला पोखरेल संविधानको धारा १६८ को उपधारा (२) बमोजिम संयुक्त सरकारको मुख्यमन्त्री निर्वाचित भएका थिए।

नेपाल संघीय संरचनामा गएर प्रदेश सरकार गठन भएपछि पदबाट राजीनामा दिने पोखरेल प्रथम मुख्यमन्त्री हुन्। पोखरेल नेकपा एमालेका केन्द्रीय नेता पनि हुन्। उनलाई प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीका विश्वासपात्र मानिन्छ।

### संक्रमितको ...

नम्बरहरूमा फोन गरेर जानकारी गराउने र ती नम्बरबाट सहजीकरणको प्रयास हुने मन्त्रालयको भनाइ छ। ती सम्पर्क नम्बरमार्फत् सरकारले खटाएका कर्मचारीले नजिकमा अक्सिजन कहाँ उपलब्ध हुन सक्छ भन्ने कुराको प्रबन्धका लागि सहजीकरण गरिदिने र उनीहरूले अक्सिजन उपलब्ध नहुन्जेल घरमै गर्न सकिने कार्य र अभ्यासहरू सिकाइदिने बताइएको छ।

**राहदानी हरायो**

अर्जुनधाराबाट बिर्तामोड जाने क्रममा यही मिति २०७७।१२।१३ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ।

**नाम**:- बबिता दर्जी
**ठेगाना**:- बाहुनडाँगी-८, झापा
हाल ठेगाना: अर्जुनधारा-५, झापा
**राहदानी नं.**:- ४३४४४०५

**कर्मचारी आवश्यकता**

यस पूर्वाञ्चल दैनिकको लागि बिर्तामोड चारपाने क्षेत्रभित्र पत्रिका वितरण गर्न एक जना कर्मचारी आवश्यक भएकोले आफ्नै साइकल भएका स्थानीय तथा इच्छुकले तु-सम्पर्क गर्नुहोला।

**समय : बिहान ५:०० बजेदेखि ७:०० बजेसम्म।**
**फोन नं. ९८४२६९६११२, ९८०७०१०२२२**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल
सम्पादकीय

# पत्रकारिता सकारात्मक होस्

आज मे महिनाको ३ तारिख । सन् १९९३ मा संयुक्त राष्ट्र संघीय महासभाले आजको दिनलाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउन अनुमोदन गरेको थियो । त्यही दिनदेखि आजको दिन प्रेस जगतको स्वतन्त्रता, आचारसंहिता, मापदण्ड र महत्वका विषयमा छलफल, बहस गर्ने गरिएको छ । सञ्चारकर्मको दौरानमा जोखिममा परेका, जीवन गुमाएका र प्रेस जगतको गौरव रक्षाका लागि योगदान दिएकाहरूप्रति सम्मान प्रकट गरिन्छ ।

प्रेस स्वतन्त्रताले नागरिकको सूचना प्राप्त गर्ने, सुसूचित हुने र कर्तव्य अनि अधिकारप्रति जागरूक हुने अवसर प्रदान गर्दछ । त्यसैले सञ्चार जगतलाई राज्यको चौथा अङ्गका रूपमा स्वीकार गरिएको छ । यद्यपि हामीकहाँ अझै पनि प्रेस जगत पूर्ण स्वतन्त्र छैन र सञ्चार कर्म पनि व्यावसायिक निष्ठा र धर्म अनुरूप भइरहेको छैन । प्रेस जगतको सुन्दर पक्ष वा विशेषतः भनेकै निष्पक्षता, तटस्थमा र सत्य–निष्ठाको समाज सेवा हो । यसकै आधारमा गरिने पत्रकारिता वा सञ्चार कर्मले नागरिकलाई बलियो बनाउँछ । सरकारलाई पनि बिधिको बाटोमा हिंड्न बाध्य बनाउँछ । 'वाचन डग' भनिने सञ्चारकर्मी कुनै समूह, झुण्ड, दल वा वादको पछि लाग्यो भने स्वतन्त्र प्रेसको अस्तित्वमाथि आघात पुग्छ ।

आज पनि कतिपय देशहरूमा प्रेस स्वतन्त्र छैनन् । सञ्चारकर्मीहरूले स्वतन्त्रतापूर्वक पेशागत धर्म निर्वाह गर्न पाएका छैनन् । समाचारमाथि सेन्सरसिप लागेको छ, समाचार लेखेकै कारणले दण्डित हुनु परेको छ, आक्रमण गरिएको छ त कतै हत्यासम्मको जघन्य अपराध भएको छ । प्रेस जगतको स्वतन्त्रतामा नै नागरिक अधिकार सुरक्षित हुन्छन् र नागरिकले संविधान प्रदत्त अधिकार उपयोग गर्ने क्षमता राख्छन् । सूचना प्राप्त गर्ने हरेक नागरिकको अधिकारको प्रत्याभूति गर्दै कानूनी राज्यको गरिमालाई जीवित राख्न पनि निष्ठावान र व्यावसायिक पत्रकारिताको महत्वपूर्ण भूमिका रहन्छ ।

वर्तमान संविधानले प्रेस स्वतन्त्रताको प्रत्याभूति गरेको छ । तर, त्यसको पूर्ण उपयोग भने हुन सकेको छैन । जबसम्म पत्रकारिता समाजसेवाका रूपमा, तटस्थमा, निष्पक्षता र उत्तरदायीपूर्ण हुन सक्दैन तबसम्म यसले व्यावसायिक आकार ग्रहण गर्न सक्दैन । सोही, सत्य र निष्पक्ष समाचार सम्प्रेषण गर्न ज्यानको बाजी लगाउने पत्रकारिता यसकारण पनि आजको आवश्यकता भएको छ । प्रजातन्त्र प्राप्तिको लडाइँमा सञ्चारकर्मको माध्यमबाट कठोर संघर्ष गरेका अग्रजहरूप्रति नमन गर्नु पर्ने आजको दिनमा प्रेस जगतलाई राजनीतिक अखडा बनाउने प्रयत्नलाई निरूत्साहित गर्न जरुरी छ । समाचार र सूचना प्राप्त गर्नु प्रत्येकको अधिकार हो भने स्वतन्त्र प्रेसको अस्तित्व र मान्यजनबाट स्थापित गर्नु पत्रकारिता जगतको कर्तव्य पनि हो आजको यो दिनमा पत्रकारिताको धर्म, मूल्य र मान्यजनको रक्षा गर्न उल्लेखनीय भूमिका निर्वाह गर्ने दिवंगत तथा जीवित सबै अग्रजहरू प्रति सम्मान गर्दै सकारात्मक पत्रकारिताको अभ्यास गर्न हामी सबैलाई ऊर्जा प्राप्त होस् शुभकामना ।

# कोरोनाविरुद्ध कसले लड्ने हो ?



तीर्थराज खरेल


दोस्रो विश्वयुद्ध (१९३९-१९४५)को रफ्तारलाई रोक्ने तर मानवता विरोधी हर्कतको रुपमा सर्वत्र निन्दा गरिएको र इतिहासका पानामा पनि कालो धब्बाका रुपमा चित्रित सन् १९४५ को अगस्ट ६ र ९ मा जापानको हिरोशिमा र नागासाकीमा साढे तीन लाखभन्दा बढी निर्दोष सर्वसाधारणको ज्यान लिने गरी अमेरिकाद्वारा खसाइएका 'फ्याट म्यान' र 'लिटल बोइ' नाम दिइएका परमाणु बमहरुभन्दा पनि शक्तिशाली र विध्वंशकारी कोभिड-१९ को महामारीलाई रोक्ने को हो ? यसलाई वशमा लिने काम सरकारको हो कि जनताको हो कि राजनीतिक दलहरुको हो ? सरकारी अस्पतालहरुको क्षमताले कोभिडका बिरामीहरुको उपचार गर्न नसकेको कुरा त नेपाल सरकारले स्वीकार गरिसकेको छ।

यो दोस्रो लहरको रुपमा नोभल कोरोना भाइरसको डबल वा ट्रिपल म्युटेड न्यू भेरिएन्टको महामारी फैलिएको मानिएको छ। नोभल कोरोना भाइरस आफ्नो रुप बदल्दै नयाँ प्रजातिको रुपमा परिवर्तित भइरहेको छ। इतिहास हेर्दा यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। हाल विश्वभरि फैलिरहेका नयाँ कोरोना भाइरसको संक्रमणबाट लागेको रोगलाई विश्व स्वास्थ्य संगठनले कोभिड-१९ को नाम दिएको छ र यसलाई विश्वव्यापी महामारीको रुपमा घोषणा गरिसकिएको छ। कोरोना भाइरस श्वासप्रश्वासको माध्यमबाट सर्ने रोग हो। यो संक्रमित व्यक्तिले खोक्दा वा हाछ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिट्टाको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ। संक्रमित व्यक्तिसँग प्रत्यक्ष सम्पर्कमा रहँदा तिनबाट खोक्दा वा हाच्छ्युँ गर्दा उत्पन्न भएको श्वासप्रश्वासजन्य सूक्ष्म थोपाहरूबाट र भाइरसबाट संक्रमित सतह/वस्तुहरू छुँदा यो भाइरस सर्ने गर्दछ।

कुनै पनि स्थान तथा सतहमा कैयौं घण्टासम्म कोभिड-१९ भाइरस जिवित रहन सक्छ, तर सामान्य जिवाणुनाशकको प्रयोगबाट यसलाई मार्न सकिन्छ। विश्वव्यापीरुपमा फैलिएको कोरोना भाइरस महामारीले गम्भीर रुप लिएको छ र सबैको ध्यान आकर्षण गरेको छ। विकसित राष्ट्रहरुमा लाखौं जनसंख्या संक्रमित भएका छन्, हजारौं मानिसले ज्यान गुमाइसकेका छन् भने विकासोन्मुख देशहरुमा यस भाइरसको संक्रमण तीव्रगतिमा फैलिरहेको छ। ठूला-ठूला शक्ति राष्ट्रहरु पनि कोरोनाको यो शक्तिशाली प्रहारलाई थेग्न र आफ्ना नागरिकको जीवन रक्षा गर्न अक्षम भइरहेको यथार्थलाई मनन गर्न आवश्यक छ।

यतिबेला भारत कोभिड-१९ महामारीको इपिसेन्टरको रुपमा रहेको छ। २२०० किमिभन्दा बढी खुला सीमाना जोडिएको हाम्रो देश भारतको यो दुरावस्थाबाट अछुतो रहन सक्दैन र परिणामतः हामी सबै यस भाइरसको फैलावटबाट प्रभावित भएका छौं भने यतिबेला नेपाल यसको उच्च जोखिममा परेको छ। विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदन अनुसार, कोरोना भाइरसले सबै उमेर समूहका व्यक्तिहरुलाई असर गर्न सक्छ, तर पाका उमेरका र गैर-संक्रमित रोग (जस्तैः क्यान्सर, कडा दम, मधुमेह, मुटुरोग, मृगौलाको रोग, उच्च वा निम्न रक्तचाप आदि)को साथ बाँचिरहेका मानिसमा यसको संक्रमण बढी देखिन्छ। तुलनात्मक हिसाबले अरु कुनै पनि रोग नलागेका व्यक्तिहरुमा कोरोनाको कारण मृत्यु भएको संख्या अति कम छ। न्यू भेरिएन्टबाट चाहिँ १५ वर्षदेखि ४५ वर्षसम्मका उमेर समूहका नेपालीहरुलाई बढी असर गरेको देखिएको छ।

कोरोना भाइरस अर्थात् कोभिड-१९ को कारण विश्वजगत् आज यति नराम्ररी प्रभावित भएको छ कि विकसित मुलुकहरु पनि त्राहीमाम भएका छन्। नेपाल पनि यो महामारीबाट अछुतो रहन सकेको छैन। पछिल्लो समय कोरोना पीडितको परीक्षण र उपचार खर्चबाट सरकारी ढुकुटी रित्तिने अवस्था आउन लागेपछि सरकारले सम्पन्न नागरिकसँग शुल्क लिएर र विपन्नलाई निःशुल्क परीक्षण तथा उपचार गर्ने नीति लिएको थियो। कोरोना संक्रमणको शुरुवाती चरणमा नियन्त्रण र परीक्षणमा अन्धाधुन्ध खर्च गरेको सरकारले संक्रमण दर बढ्दै जाँदा यस्तो निर्णय गरेपछि जनतामा निराशा छाएको थियो र सरकारी यो निर्णयको सर्वत्र आलोचना भएको थियो। यसबाट कोरोना लाग्यो भने उपचारै नपाई मरिन्छ कि भन्ने सन्त्रास नागरिकमा फैलिएको थियो। यतिबेला कोभिड-१९ को नयाँ भेरिएन्टको लहर देखा परेको छ नेपालमा। कोरोना लागिहाल्यो भने पनि सरकारले नै परीक्षण गरिदिन्छ र उपचार पनि गरिदिन्छ भनेर पछिल्ला दिनमा नागरिकमा सचेत हुने बानी पनि हटेको थियो र अहिले लापरवाहीको मात्रा झन् बढेर गएको छ।



संविधानमै लेखिएको नागरिकलाई निःशुल्क आधारभूत स्वास्थ्य सेवा दिने दायित्वबाट सरकार पन्छिन मिल्दैन। सिद्धान्ततः हुनेसँग लिने र नहुनेलाई निःशुल्क उपचार गर्ने सरकारी निर्णय सही भए पनि व्यवहारमा कस्ता नागरिकले निःशुल्क उपचार पाउँछन् र कसले पाउँदैनन् भन्ने स्पष्ट थिएन। नेपाल जस्तो आर्थिकरूपमा विपन्न मुलुकले यो मामिलामा गरेको खर्च धेरै हो। तर, अपारदर्शी र अस्पष्ट निर्णयका कारण पहुँचवाला र सम्पन्न परिवारले मात्रै राज्यको सुविधा लिइरहने सम्भावना थियो। लक्षित वर्ग को हुन् भन्ने निक्र्योल गर्न सजिलो छैन। कोरोनाको जोखिम तिनैलाई झन् बढ्दो छ जसको शरीरमा न सहन गर्ने क्षमता छ न त उपचार खर्च बहन गर्ने क्षमता नै। कोरोनाको चरम चपेटामा शहर र शहरोन्मुख बस्ती मात्र नभएर समग्र गाउँ नै प्रभावित भइसकेको अवस्था छ। सामान्य अवस्थामा त एउटा गरीबले आफ्नै खर्चमा कोरोनाको उपचार गर्न सक्दैन भने अहिले अधिकांश त्यस्ता श्रमिक गरीबहरूको आय गुमेको अवस्थामा उनीहरूले कुनै पनि हालतमा कोरोनाको उपचार गर्न सक्दैनन्।

पहिलेको भन्दा कडाखालको भाइरस रहेकाले विज्ञहरुले सतर्कता अपनाउन सुझाव दिएका हुन्। अहिले देखिएको भाइरसले कडा खालको रहेको र यसको अर्को मानिसमा सार्न सक्ने क्षमता पनि बढी हुने भएकाले स्वास्थ्यका मापदण्ड अपनाई भाइरस सर्नबाट बच्नुपर्दछ भन्ने चिकित्सकको सुझाव छ। यतिबेला अन्तर्राष्ट्रिय समुदाय, राष्ट्रिय र स्थानीय सरकार कोभिड-१९ को विरुद्ध लडिरहेका छन्। रोग लाग्नुभन्दा रोग लाग्न नदिनु नै उचित हो। यसका लागि सरकारको भन्दा हामी जनताको भूमिका बढी हुन्छ। समुदाय र स्वास्थ्य प्रणालीहरुले उच्च जोखिम समूहमा रहेका व्यक्तिहरुको रोगको निदान गरेर जोखिम व्यवस्थापन गर्न आवश्यक छ। विभिन्न जनचेतनामूलक कार्यक्रमहरु मार्फत गैर-संक्रमित रोगको नियन्त्रण र रोकथाम गर्न सकिन्छ र कोभिड-१९ को कारणले उत्पन्न भएका समस्याहरु कम गर्नका लागि सान्दर्भिक नीतिहरु, उपकरण र कार्यक्रमहरु लागू गर्न जरुरी छ।

स्वास्थ्य, आर्थिक, शिक्षा, कृषि, शहरी योजना आदि क्षेत्रहरु बीच सहकार्य गरी गैर-संक्रमित रोगको व्यवस्थापनमा राम्रो लगानी गरेर मृत्युदरलाई कम गर्न सकिन्छ। हामी स्वास्थ्य सेवाहरुलाई पुनर्मूल्यांकन र स्वास्थ्य प्रणालीलाई पुनः निर्माण गर्न तयार हुनुपर्छ। कोभिड-१९ का लागि त गैर-संक्रमित रोगको अवस्था भनेको मलिलो धर्ती जस्तै हो। पैसाको अभावमा वा चेतनाको कमीको कारण घरगाउँमै बसेर कोरोना र निमोनियाका कारण गुमनाम मृत्युवरण गर्न बाध्य हुनुपर्ने परिस्थितिको अब अन्त्य हुनैपर्छ। सरकार जनताको सेवाका लागि तत्पर भएर मात्र यो महामारी नियन्त्रण हुने होइन। जनताको सावधानी, सतर्कता र स्वास्थ्यका निर्देशनलाई अनुशरण गरेर मात्र यसबाट जोगिन सकिन्छ भन्ने शिक्षा बुझ्न र जीवनव्यवहारमा लागु गर्न जरुरी छ।

राजा र रंक, अमिर र गरीब केही नभनी, शक्तिशाली पद वा पदविहीन केही नभनी हरेकलाई खरानी बनाएर आफ्नो अहम् र महत्वकांक्षाको नगरा बजाइरहेको कोरोना भाइरसले सर्वत्र साम्राज्य फैलाइरहेको यो बेलामा पनि नेपालका सत्तासीन र प्रतिपक्षका दलहरु कुर्सीको तानातान, अलमलाहट, द्विविधा र आपसी खिचातानीमा अल्झिरहेका छन्। यदुवंशी द्वेष, द्वन्द्व र वैमनश्य झैं यतिबेला नेपालका कम्युनिष्टभित्र झैं-झगडा, अन्तर कलह र अन्तरद्वन्द्वको आगो सल्केको छ। अरुको घर जलेको ताप्नेहरुको कुनै कमी छैन, आफ्नै घर जलाउनेहरुको संख्या पनि ठूलो छ नेपालमा तर सिंगै नेपाल र नेपालीलाई सुरक्षित राख्ने सम्बन्धमा बहस र छलफल हुन सकेको छैन। नेपाली कांग्रेस र अन्य दलहरुले पनि अरुको घर जलेको आगो ताप्दै हिंड्ने होइन यो बेला। समस्त नेपाली एकताबद्ध बनेर हाम्रा उपलब्ध साधनस्रोतलाई समुचित परिचालन गर्दै हाम्रो स्वास्थ्य सेवालाई थप सुदृढ र परिणाममुखी बनाउने हो, तर दोष अर्काको थाप्लोमा हालेर आफू चोखिने सबैको नियत देखिन्छ। वक्तव्य जारी गरेर र पत्रकार सम्मेलन गरेर अहिलेको विषम परिस्थितिमा राजनीतिक दल, नागरिक समाज र सत्तासीनहरुको दायित्व पुरा हुँदैन।


जुन देशमा जनता सजग छन्, ती-ती ठाउँमा कोरोना महामारीको प्रकोप कम छ र कम हुँदै गएको छ। कोरोना भाइरसको राष्ट्रियता छैन, रंग छैन, जात छैन, धर्म छैन र यसको पार्टी पनि छैन। धेरै लालबुझक्कडले भने झैं यो राजनीतिक वा आर्थिक स्वार्थका लागि गरिएको प्रोपोगान्डा होइन। हरेक मानवीय संकट, चाडपर्व र अवसरलाई पुँजीकृत गर्दै नाफा कमाउने पुँजीपतिहरुको ध्याउन्न त हुन्छ नै, तर यो पूर्णरुपमा हौवा मात्र होइन भन्ने कुरा सिद्ध गर्न हजार प्रमाणहरु दिन सकिन्छ। तसर्थ, गालीगलौज बन्द गरेर एफएचडी अर्थात् अनुहार रक्षा गर्ने (मुख, नाक र आँखा), हात सफा गर्ने ( साबुनपानीले हात धुने र स्यानिटाइजर प्रयोग गर्ने) र भौतिक तथा सामाजिक दूरी कायम गर्ने तीन वटा मूलमन्त्रलाई आत्मसात गर्न जरुरी छ। आफ्नो जीवनको रक्षा आफैंले गर्ने हो, सरकार र अन्य पक्ष त सहयोगी मात्र हुन् भन्ने सच्चाइलाई बुझ्न जरुरी छ। कोरोना महामारीविरुद्ध हरेक नागरिकले लड्ने हो।

tirthakharel2028@gmail.com

# होम आइसोलेसनमा बस्दा यी उपाय अपनाऔं

☐ डा. रविन्द्र पाण्डे

- थर्मीमिटरबाट तापक्रम नापिरहनुहोला। ९८-९९ फरेनहाइटसम्म व्यक्ति अनुसार नर्मल तापक्रम हो। १०० पुग्यो भने पारासिटामोल खानुहोला। शरीर दुखेमा र टाउको दुखेमा पनि पारासिटामोल खान सकिन्छ।
- पल्स अक्सिमिटरबाट अक्सिजनको स्तर नापिरहनुहोला। यदि ९४ भन्दा तल गयो भने घोप्टो परेर सुत्नुहोला। यसलाई प्रोन पोजिसन भनिन्छ। पेटमा २ वटा सिरानी, टाउकोमा एउटा सिरानी र खुट्टाको गोलिगाँठानेर एउटा सिरानी राखेर पेटको बलमा सुत्नुहोला। यसले फोक्सोको क्षमता बढाउँछ। यसलाई प्राकृतिक भेन्टिलेटर पनि भनिन्छ।
- भिटामिन सी दुई पटक, जिंक दुई पटक, भिटामिन डी हप्ताको एक पटक खानुहोला। आवश्यकता अनुसार पारासिटामोल, कफ सिरप र ट्याब्लेट खान सकिन्छ।
- अक्सिजनको मात्रा ९४ भन्दा कम भएमा, ज्वरो आइरहेमा वा खोकी लागिरहेमा, सास फेर्न गाह्रो भएमा वा अन्य गाह्रो भएमा घरमा नबस्नुहोला। यो नयाँ भेरिएन्टले अचानक कोभिड निमोनिया गराउँछ। तसर्थ, नजिकको कोभिड अस्पतालमा गएर चिकित्सकसँग जाँच गराउनुहोला। छातीको एक्स-रे वा सिटी स्क्यान गरेर फोक्सोको अवस्था अनुसार चिकित्सकको सिफारिसमा औषधि (एन्टिभाइरल र एन्टिबायोटिक) खानुपर्ने हुन्छ। कोभिड निमोनिया भएमा अस्पताल भर्ना हुनुपर्छ।
- जाँच नगरी घरमा अक्सिजन दिएर नबस्नुहोला। अक्सिजनले रोग निको गर्दैन। चिकित्सकको सिफारिस अनुसारको औषधिले मात्र निमोनिया वा अन्य अवस्था ठीक हुन्छ। अक्सिजन उपचार होइन। धेरै व्यक्तिले घरमै अक्सिजन दिएर फोक्सो ड्यामेज भएको अवस्था पनि छ।
- एक रातमै अवस्था क्रिटिकल हुनसक्छ। तसर्थ गाह्रो भएमा भोलि अस्पताल जान्छु नभन्नुहोला। अस्पताल प्याक भए पनि त्यहाँ तपाईंले कुनै न कुनै उपचार पाउनुहुन्छ।
- अप्रमाणित औषधि सेवन गरेर वा अन्य संक्रमितलाई निको भएको औषधि खाएर समय एवम् स्वास्थ्य नष्ट नगर्नुहोला। प्रतिरोध क्षमता रातारात वृद्धि हुँदैन। यो लामो प्रक्रियाबाट मात्र वृद्धि हुन्छ।
- मरिच, बेसार, अदुवा, ज्वानो, दालचिनी, तुलसी, गुर्जो, जेठिमधु, पिपला, कागतीको रस राखेको चिया पटक-पटक खानुहोला।
- घरमा एकजना संक्रमित भएमा सबैको परीक्षण गराउनुहोला। यसपटकको प्रजाति निकै संक्रामक छ।
- घरको खानाको अतिरिक्त फलफूल, दुध, गेडागुडी, अण्डा, सुप आदि प्रशस्त खानुहोला।




- पानीको बाफ लिँदा आराम हुन्छ।
- रक्सी, चुरोट तथा धेरै गुलियो पदार्थ र कोल्ड ड्रिंक्स सेवन नगर्नुहोला।
- हल्का व्यायाम, पर्याप्त निद्रा तथा बिहान घाम ताप्ने गर्नुहोला।
- आफ्नो मानसिक अवस्थालाई सुदृढ एबम सबल राख्नुहोला। नआत्तिनुहोला।
- दिनमा एक-दुई पटक मात्र समाचार हेर्नुहोला। सामाजिक सञ्जाल नहेर्नुहोला। अनधिकृत समाचारले तनाव बढाउँछ।
- गाह्रो भएमा १०२ नम्बरमा फोन गरेर एम्बुलेन्स मगाउनुहोला।

# ३५ करोडको लागतमा राइस मिल

□ विनोद सापकोटा

**झिलझिले, बैशाख १९।** राइस मिल धरमराउँदै चलिरहेका बेला शिवसताक्षीका एक जना व्यवसायीले ३५ करोडको लगानीमा राइस मिल सञ्चालन गर्ने भएका छन् । उनले निकट भविष्यमै सञ्चालन गर्ने उद्योगको नाम देवेन्द्र एग्रो प्रालि दिएका छन् ।

नगरको वडा नम्बर ८ झिलझिलेका देवेन्द्र कार्कीले ७ नम्बर वडाको दूधे-शिवगञ्ज सडकले छोएको २१ का जग्गामा धान मिल सञ्चालन गर्न लागेका हुन् । यो उद्योगको बैशाख १६ गते बुवा बलबहादुर र आमा टंकमायाले संयुक्तरुपमा शिलान्यास गरेका थिए ।

झापामा २०४६ सालको जनआन्दोलन अघिसम्म २६ वटा ठूला राइस मिल सञ्चालनमा थिए । सयौंको संख्यामा साना राइस मिल पनि सञ्चालनमा थिए । सुरक्षाको कारण देखाउँदै कतिपय मिलहरु बन्द हुँदै गए भने कतिपय लगानी कर्ताले व्यवसाय नै परिवर्तन गरे । अहिले उक्त संख्या घटेर पाँच वटामा सीमित भएको छ ।

हाल भद्रपुरमा दुईवटा गणेश एग्रो र भद्रपुर एग्रो सञ्चालनमा छन् । यस्तै दुहागढीमा मित्तल एग्रो, मेचीनगरमा सूर्य एग्रो र गौरादहमा नुतन एग्रो सञ्चालनमा छन् । कार्कीले भने- 'मुलुकमा आएको राजनीतिक परिवर्तनले नयाँ उद्योग सञ्चालन गर्नु अबको आवश्यकता हो ।' सरकारले उद्योगीको लगानी र उद्योगको सुरक्षा गरे अझ धेरै उद्योगहरु स्थापना हुने उनले बताएका छन् ।

उनले स्थापना गर्ने राइस मिल २०७९ को बैशाखदेखि सञ्चालन आउने छ । एक घन्टामा चार टन स्टिम चामल उनको उद्योगबाट उत्पादन हुनेछ । चामल, व्राण्ड, खुदी, र भुष उनको उद्योगबाट उत्पादन हुनेछ । जसका कारण गाउँमा पशु-पन्छी पालन पनि फस्टाउँछ । उनले भने- 'शिवसताक्षीको आधा भागमा दुई फसलसम्म धान उत्पादन हुन्छ । किसानले उत्पादन गरेको धान बजार मूल्यमा खरिद गरेर चामल उत्पादन हुने छ ।' कनकाई नहरको सिञ्चित क्षेत्रका धान खरिद गर्ने उनले लक्ष्य लिएका छन् ।

उनले उद्योगमा- 'ड्रायर' मेसिन पनि राख्ने छन् । उक्त मेसिनले एक घन्टामा आठ टन चिसो धानलाई सुकाउँछ । साविकका शिवगञ्ज, पाँचगाछी, गौरीगञ्ज, तोपगाछी लगायतका ठाउँबाट किसानले लगाएको बर्खेधान बोटबोटै किनेर मिलमा ल्याएर प्रशोधन गरिने उनले जानकारी दिए । उनका अनुसार



देवेन्द्र कार्की

एक दिनमा ड्रायर मेसिनले एक सय २८ टन चिसो धान सुकाएर चामल बनाउन योग्य बनाउँछ । शिवसताक्षी नगरमा ड्रायर मेसिन राखिएपछि किसान पनि खुशी हुने भएका छन् । यसअघि पानीले भिजेका कारण कयौं किसानको धान खेत खेतमै कुहिने गरेको थियो ।

उद्योगबाट उत्पादन हुने चामल स्थानीय स्तरमा खपत हुन नसके मुलुकका ठूला-ठूला शहरमा लगेर बिक्री गर्ने उनले बताए । 'स्थानीय उत्पादनले उद्योगको माग नथेगे मुलुकभित्रकै अन्य ठाउँबाट धान खरिद गरेर ल्याइने छ' -उनले भने ।

धानको उचित मूल्य नपाएका कतिपय किसानले यसअघि खेतीयोग्य जमिनमा अरु नै व्यवसाय गर्न थालेका थिए । गाउँमै ड्रायर मेसिनसहितको ठूलो धान मिल सञ्चालन हुने भएपछि पुरानै पेशामा फर्कने किसानले बताएका छन् । शिवसताक्षी नगरमा श्रम र लगानी अनुसारको धानको मूल्य नपाउँदा केही किसानले खेतीयोग्य जमिनलाई मत्स्य पोखरी बनाएर व्यवसाय शुरु गरेका छन् । धानखेती छोडेर केरा, उखु लगायतका बाली शिवसताक्षीमा किसानले लगाउन थालेका थिए । स्थानीय धनप्रसाद न्यौपाने भन्छन्- ' हिउँदे र बर्खे धानले उचित मूल्य पायो भने धानखेती छाडेका किसानले पुन: त्यसैलाई प्राथमिकतामा राखेर धान खेती गर्न शुरु गर्ने छन् ।'

शिवसताक्षीमा यो उद्योग सञ्चालनमा आएपछि यहाँका सयौं युवा युवतीले रोजगार पाउने छन् । स्वदेशी चामल उद्योगको संरक्षणका लागि भारतबाट आयातित धान र चामलमा करको दर बढाउनु पर्ने कार्कीले सरकारलाई सुझाव दिएका छन् ।

# टोल विकासका प्रतिनिधिलाई कोरोना सचेतना




**बिर्तामोड, बैशाख १९।** कोरोनाको दोस्रो लहर तीव्ररुपमा बढेसँगै झापामा विभिन्न सचेतनाका कार्यक्रमहरु आयोजना भइरहेका छन् ।

यसै क्रममा वीरता लेडी जेसीजले बिर्तामोड नगरपालिका वडा नं. ४ का टोल विकासका पदाधिकारीहरुलाई कोरोना सेचना सम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ । बिर्तामोड नगरपालिका वडा नं. ४ को आर्थिक सहयोग र बीएण्सी हस्पिटलको प्राविधिक सहयोगमा 'कोरोना रोकथाम तथा नियन्त्रणका लागि टोल विकास संस्थाको भूमिका' विषयक अन्तरक्रिया आयोजना गरिएको थियो ।

कार्यक्रममा बीएण्सी हस्पिटलका फिजिसियन डा.लक्ष्मण ठाकुर र डा. करण पोखरेलले कोरोनाको लक्षण, बच्ने उपाय, मास्क र सेनिटाइजरको प्रयोग, साबुनपानीले हात धुने तरिका लगायत औषधिहरुको प्रयोगका विषयमा जानकारी गराएका थिए ।

वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष राधा सुब्बाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा नं. ४ का ३२ वटा टोल विकासका पदाधिकारीहरुलाई दुई चरणमा स्वास्थ्य मापदण्ड अपनाउँदै अन्तरक्रियात्मक छलफल गरिएको थियो ।

सहभागीहरुले कोरोना सम्बन्धी आफूलाई लागेका जिज्ञासाहरु चिकित्सकसामु राखेका थिए भने सम्बन्धित विज्ञहरुले सो सम्बन्धी जानकारी गराएका थिए । कार्यक्रममा संयोजक संगीता चिमरियाले स्वागत र युनिता दवाडीले आस्था वाचन गरेकी थिइन् ।

संस्थाकी अध्यक्ष स्वस्तिका आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा जेसीआई मिसन भिजन उपाध्यक्ष अर्चना राउतले वाचन गरेकी थिइन् ।

# केन्ट आल्प्स प्लस यूभी एयर प्युरिफायर बजारमा

**झापा, बैशाख १९।** इ.ओ.एल. प्रालि, नेपालमा केन्ट उत्पादनहरूका लागि एक मात्र आधिकारिक वितरक सि.जी. इलेक्ट्रोनिक्स अन्तर्गतको संस्थाले केन्ट आल्प्सप्लसयु.भी. एयर प्युरिफायर बजारमा ल्याएको छ ।

योनयाँ एयर प्युरिफायरको मूल्य ४९ हजार नौ सय ९० रुपैयाँ रहेको छ । नेपाल भरिका सबै प्रमुख रिटेल आउटलेटहरूमा उपलब्ध रहेको बताइएको छ । सबै नयाँ यु.भी.कीटाणुनाशक सुविधाको साथ प्युरिफायरले हावाबाट खतरनाक कणहरू हटाउनको लागि हेपाटेक्नोलोजी पनि प्रयोग गर्दछ ।

हेपाफिल्टरसँग पी.एम. २.५ सूक्ष्म कणहरु (९९.९९% सम्म निकाल्छ), परागकण, एलर्जेन्स, सतह पालन गर्ने मोल्ड, फाइन डस्ट र धेरै समय हावामै बसिरहने गन्धहरू जस्ता चुरोटको धुँवा, नराम्रा गन्ध वा पाल्तु जनावरको गन्ध र इनडोर कार्सिनोजेन कणहरू समात्ने पनि क्षमता रहेको हुन्छ ।

यु.भी.कीटाणुशोधनसँग केन्ट आल्प्सप्लस एयर प्युरिफायर एक उच्च सीएडीआर र चार सय मि.तीन/घण्टाको उच्च क्षमतासँग आउँदछ । जुन चार सय ३० स्क्वायर वर्ग फिटको क्षेत्रफलको लागि आदर्श मानिन्छ ।

केन्ट आल्प्सले शुद्धिकरण प्रणालीको संयोजनका साथै फिल्टरहरूको सेट प्रयोग गर्दछ। तीन चरण निस्पंदन प्रक्रियाबाट वायु शुद्धिकरणको उत्कृष्ट स्तर रहेको बताइएको छ । केन्ट एयर प्युरिफायरले परीक्षण गरिएको र विश्वासिलो अद्वितीय डिजाइन गरिएको प्राथमिक फिल्टर प्रयोग गर्दछ ।

डिफेन्सको पहिलो लाइनले ठूलो र दृश्यप्रदूषकहरू हटाउँछ जस्तै ठूलो कण धुलो, कोबवेब, मलबे, मानव र घरपालुवा जनावरको कपाल, त्यसपछि सक्रियकार्बन फिल्टरले धुँवासहित सबै गन्ध हटाउँदछ । उच्च जापानी प्रविधिसँग विकसित हेपाटेक्नोलोजीले क्यासिनोजेनिक कणहरू जस्तै: ब्याक्टेरिया, परागकण, एलर्जन, मोल्ड, डस्ट आदि समात्ने र पासोमा पारेर र स्वच्छ हावा प्रदान गर्ने कम्पनीले बताएको छ ।

# सुन्दासलाई कतारबाट सहयोग



**अर्जुनधारा, बैशाख १९।** दुवै मृगौला फेल भई हाल उपचाररत् झापाको अर्जुनधारा-७ निवासी राजेश सुन्दासलाई अर्जुनधारा तथा माई सेवा समाज कतारले आर्थिक सहयोग उपलब्ध गराएको छ ।

समाजका वरिष्ठ उपाध्यक्ष पूर्णकुमार योङहाङको संयोजकत्वमा सञ्चालन गरिएको राजेश सुन्दास बचाउ अभियान मार्फत् संकलन भएको सहयोग रकम २५ हजार एक सय ९० रुपैयाँ उनलाई उपलब्ध गराइएको हो । समाजको नेपालस्थित समन्वय समितिका संयोजक ओमप्रकाश सिटौला र अर्जुनधारा-७ का वडाध्यक्ष नवराम ढुंगाना 'नवीन'ले संयुक्तरुपमा उक्त सहयोग रकम सुन्दासलाई हस्तान्तरण गरेका थिए ।

सो अभियान अन्तर्गत समाजका संरक्षक गणेश दुलालबाट एक सय रियल, प्रमुख सल्लाहकार टंक चौलागाईंबाट ६० रियल, अध्यक्ष वाचस्पती आचार्यबाट ५० रियल, वरिष्ठ उपाध्यक्ष योङहाङबाट ५० रियल, प्रथम उपाध्यक्ष टंकनाथ कोइरालाबाट ६१ रियल, महासचिव गोपाल न्यौपानेबाट ७० रियल, कोषाध्यक्ष भरत खतिवडाबाट एक सय रियल, सहकोषाध्यक्ष दिलबहादुर भट्टराईबाट ३० रियल प्राप्त भएको समाजद्वारा प्रस्तुत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रस्तुत प्रतिवेदनमा कार्यसमितिका सदस्यहरु केदार खनालबाट ३५ रियल, नरेन्द्र मगरबाट ५० रियल, छत्र लिम्बूबाट ५० रियल र सुकबहादुर मगरबाट २५ रियल, शर्मिला धिमालबाट एक सय रियल, गणेश कार्कीबाट ६० रियल, रोशन कार्कीबाट ५० रियल, कुमार राईबाट ३० रियल र आकाश गहतराजबाट २० रियल प्राप्त भएको उल्लेख गरिएको छ ।

कार्यक्रममा वडा सदस्य शारदादेवी भट्टराई, समितिका सहसंयोजक दिव्यप्रसाद कट्टेल, सदस्यहरु ढुण्डी गौतम, दिपक दुलाल, योगेन्द्र आचार्य लगायतको उपस्थिति रहेको थियो । 'हातेमालो आपसी सहयोग, सद्भाव अनि मित्रताको' भन्ने मुख्य नारासहित २०७६ सालमा स्थापना भएको उक्त समाजले यसअघि विभिन्न सामाजिक कार्यहरुमा सहयोग पुर्याउँदै आएको र आगामी दिनमा पनि त्यस कार्यलाई निरन्तरता दिने संयोजक सिटौलाले बताए ।

# समाधिस्थलमा सामूहिक क्षमापूजा

**मेचीनगर, बैशाख १९।** मेचीनगर नगरपालिकाले डोजर लगाएर भत्काएको काँकरभिट्टास्थित किरात समाधिस्थलमा आइतबार सामुहिक क्षमा पूजा गरिएको छ ।

विभिन्न जातजातिका समाधिस्थल भत्काइएपछि आ-आफ्ना धर्म गुरुमार्फत पितृहरुको आत्माको चिरशान्तिका लागि सामुहिक क्षमा पूजा गरिएको हो । सो स्थानमा लिम्बू, राई, तामाङ, क्षेत्री लगायत विभिन्न जातजातिका समाधि रहेका थिए ।

नगरपालिकाले सशस्त्र प्रहरीको आउट बोर्डर पोष्ट (बिओपी) स्थापनाका लागि पाँच दिनअघि आदिवासी जनजातिहरुको सहमति बिनै २०० समाधि रहेको स्थानमा डोजर लगाएर भत्काएको थियो । समाधिस्थल भत्काएपछि किरात समुदाय आक्रोशित बनेको छ ।

आदिवासी जनजाति समन्वय परिषद् मेचीनगरका अध्यक्ष ओमप्रसाद खापुङको संयोजकत्वमा उनीहरुले २१ सदस्यीय संघर्ष समिति नै गठन गरेका छन् ।

# वाइसीएलले बाड्यो मास्क




**बिर्तामोड, बैशाख १९।** योङ कम्युनिष्ट लिग नेपाल (वाइसिएल) झापाले बिर्तामोडमा मास्क वितरण गरेको छ ।

कोरोना भाइरस अध्याधिक बढेकाले त्यसको रोकथामका लागि वाइसिएलले आइतवार बिर्तामोडमा मास्क वितरण गरेको झापा अध्यक्ष दधिराम रिमालले जानकारी दिए ।

'मास्क लगाऔं, कोभिड-१९ को महामारीबाट आफू बचौं अरुलाई पनि बचाऔं' भन्ने मूल नाराका साथ वाइसिएलले पैदलयात्री, अटोमा सवारलगायतलाई एक हजार मास्क वितरण गरेका छन् ।

मास्क वितरण कार्यक्रममा अखिल नेपाल ट्रेड युनियन प्रदेश नं. १ इन्चार्ज भूपाल सापकोटा, नेकपा माओवादी केन्द्र झापा कार्यालय सदस्य कुवेर श्रेष्ठ (अरुण), वाइसिएल केन्द्रीय सदस्य कुमार आचार्य, अखिल (क्रान्तिकारी) केन्द्रिय सदस्य प्रतिक कडरिया, वाइसिएल झापा सदस्य जनक ल्वागुन, बिर्तामोड नगर बिद्यार्थी इञ्चार्ज प्रज्वल कडरिया लगायतको उपस्थिति रहेको थियो ।


सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

**पसल बिक्रीमा**

बिर्तामोडस्थित शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि चालू अवस्थाको कोल्ड सेन्टर बिक्रीमा ।

सम्पर्क : ९८१४९६३४८८

**अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा**

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६- ९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दू २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।

अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६),
बिर्तामोड काउन्टर सीताराम आचार्य: ९८४२६२३१५२

**सुरक्षा गार्डको आवश्यकता**

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
*भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राह्यता ।*
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०,
९८०४७३१५६८, ९८०४५६७८७२

**चिनारी राजश्व सेवा सेन्टर**

- अनलाइन कर भुक्तानी/कर चुक्ता प्रमाणपत्र
- पर्सनल पान नम्बर पनि बनाइन्छ ।
- सरकारी निकायमा व्यवसाय दर्ता गर्नको लागि कागजात तयार गर्ने ।
- लेखा परीक्षण /VAT BILL सम्बन्धी काम

मो. ९८०४९७६५०६, ९८४२६४५३७५

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




सम्पर्क: ९८१४९९३७१२,
९८२४९८११७४, ९८४२६७७८५५,
९८६२६४८२८२

**वितरक चाहियो**

लक्ष्मीपुरबाट दुर्गापुर-कालिमुडा-सीमसार हुँदै दुर्गापुर-चम्पापुरसम्मका लागि वितरक आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
नोट: साइकल भएको हुनुपर्नेछ ।
तलब: ५०००।-(बोनस गरेर ७०००।- बच्ने
सम्पर्क: ९८१६६४१५७३, ९८०१४०४०००

**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
खर्च बढ्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुपर्ला । सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ । लामो यात्रा गर्ने अवसर जुट्न सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ । आफन्तबाट टाढिनुपरे पनि टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
नयाँ कुरा पाउन केही वस्तु त्याग्नुपर्नेछ । पछिका लागि लगानी गर्ने अवसर प्राप्त हुनेछ । नयाँ साथीको साथ मिल्ला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
परिस्थितिवश आँटेका काममा विलम्ब हुन सक्छ । परिश्रम परे पनि कम प्रतिफलमा चित्त बुझाउनुपर्ने परिस्थिति रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
आम्दानी भए पनि फजुल खर्च बढ्नाले अर्थ अभाव देखा पर्नेछ । खोजी गर्दा आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोशिस गर्लान् । आवश्यकता पूरा गर्न सरसापट लिनुपर्ने हुन सक्छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
कर्म क्षेत्र सबल रहनेछ भने विभिन्न अवसरले पछ्याउनेछन् । दिगो काम प्रारम्भ हुनेछ । व्यवसायमा लाग्नेहरूलाई विशेष फाइदा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
तारिफयोग्य काम गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ । उपलब्धिको स्रोत प्राप्त हुनेछ भने प्रतिक्षित नतिजाले उत्साह जगाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
मेहनतले सफलताको उचाइमा पुर्याउनेछ । दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । आर्थिक सफलता मिल्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगको नाममा झुक्याउनेहरूले दु:ख दिनेछन् । अस्वस्थताका बाबजुद कामको जिम्मेवारी बढ्नेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
तापनि प्रयत्न गर्दा फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । नयाँ काम थाल्न केही समय पर्खनुपर्ला । गरी आएको कामलाई निरन्तरता दिन सकिनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
पछाडिबाट अवरोध पुर्याउनेहरू सक्रिय रहने हुँदा सजग रहनुहोला । हुन्छ, हुन्छ हजुर भन्नेले काम गरी देलान् ।